कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: ५०१०८३
दर्ता मिति: २०८३।०६।२२

# उखु उत्पादकलाई प्रोत्साहन अनुदान दिने सम्बन्धी कार्यविधि, २०८३

१. प्रत्यायोजित विधायन जारी गर्ने मन्त्रालय: कृषि, वन तथा पर्यावरण मन्त्रालय
२. निर्णय गर्ने अधिकारी: मा. कृषि, वन तथा पर्यावरण मन्त्री
३. निर्णय मिति: २०८३।०६।२१

चिनी उद्योगलाई आवश्यक कच्चा पदार्थको नियमित आपूर्ति सुनिश्चितताका लागि व्यावसायिक उखु खेती प्रवर्द्धन गर्न उखु उत्पादकलाई उपलब्ध गराइने उत्पादनमा आधारित प्रोत्साहन अनुदान प्रवाहलाई अनुमानयोग्य, पारदर्शी र प्रभावकारी बनाउन, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी कृषि, वन तथा पर्यावरण मन्त्रालयले यो कार्यविधि बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "उखु उत्पादकलाई प्रोत्साहन अनुदान दिने सम्बन्धी कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उखु उत्पादक" भन्नाले यस कार्यविधिको प्रयोजनका लागि नेपालभित्र उखु उत्पादन गरि नेपालका चिनी मिललाई उखु बिक्री गर्ने नेपाली नागरिक, समूह, सहकारी, फर्म वा कम्पनी सम्झनुपर्छ।

(ख) "कार्यालय" भन्नाले सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालय सम्झनुपर्छ।

(ग) "क्रसिङ" भन्नाले चिनी मिलले चिनी उत्पादनका लागि उखु पेल्ने प्रक्रिया सम्झनुपर्छ।

(घ) "प्रोत्साहन अनुदान" भन्नाले नेपाल सरकारले उखु उत्पादकका लागि तोकेको प्रोत्साहन अनुदान रकम सम्झनुपर्छ।

(ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको कृषि विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(च) "चिनी मिल" भन्नाले नेपालमा प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भई सञ्चालनमा रहेको चिनी मिल सम्झनुपर्छ।

(छ) "विभाग" भन्नाले कृषि विभाग सम्झनुपर्छ।

(ज) "स्थानीय तह" भन्नाले उखु उत्पादन गरी चिनी मिललाई बेच्ने उखु उत्पादकसँग सम्बन्धित गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनुपर्छ।

(झ) "भुक्तानी समिति" भन्नाले दफा ५ को उपदफा (१) बमोजिमको समिति सम्झनुपर्छ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

मा. गिता चौधरी
कृषि, वन तथा पर्यावरण मन्त्री

**३. प्रोत्साहन अनुदान उपलब्ध गराउन सक्ने**: (१) नेपाल सरकार मन्त्रिपरिषद्ले उखु उत्पादकलाई प्रोत्साहन अनुदान उपलब्ध गराउने प्रयोजनका लागि प्रोत्साहन अनुदान रकम निर्धारण गर्नेछ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिमको प्रोत्साहन अनुदान रकम भुक्तनीका लागि वार्षिक बजेटमा व्यवस्था गरी उपलब्ध गराउन सक्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रोत्साहन अनुदान रकम सरकारी निकाय वा सरकारको स्वामित्वमा रहेका उखु उत्पादक संस्थालाई उपलब्ध गराइने छैन।

**स्पष्टीकरण**: समूह वा सहकारी मार्फत उखु उत्पादन भई चिनी मिललाई बिक्री गर्नेको हकमा समेत उखु उत्पादकको व्यक्तिगत बैंक खातामा प्रोत्साहन अनुदान भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

**४. उखु उत्पादक सूचीकृत हुनुपर्ने**: (१) यस कार्यविधि बमोजिम प्रोत्साहन अनुदान प्राप्त गर्न इच्छुक उखु उत्पादकले प्रत्येक वर्षको साउनदेखी आश्विन मसान्तभित्र अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तहमा सूचीकरणका लागि निवेदन दिनु पर्नेछ।

(२) सम्बन्धित स्थानीय तहले उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गरी उपयुक्त देखिएमा सूचीकृत गरी प्रत्येक वर्षको कार्तिक मसान्तभित्र अनुसूची-२ बमोजिमको ढाँचामा उखु उत्पादकको अन्तिम लगत तयार गरी प्रमाणीत गर्नु पर्नेछ।

(३) स्थानीय तहले उपदफा (२) बमोजिम प्रमाणीत लगत प्रदेश सरकार अन्तर्गतको सम्बन्धित जिल्लास्थित कृषि विषय हेर्ने कार्यालय र सम्बन्धित जिल्लाको भुक्तानी समितिको सचिवालयमा पठाउने व्यवस्था मिलाउनु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको लगतलाई उखु उत्पादकलाई प्रदान गरिने प्रोत्साहन अनुदान प्रवाह प्रयोजनका लागि मुख्य आधार हुनेछ।

**५. भुक्तानी समिति रहने**: (१) चिनी मिल सञ्चालन भएका जिल्लामा उखु उत्पादकलाई प्रोत्साहन अनुदान भुक्तानीका लागि देहाय बमोजिमको भुक्तानी समिति रहनेछः-

(क) सहायक प्रमुख जिल्ला अधिकारी, सम्बन्धित जिल्ला - संयोजक

(ख) प्रमुख, प्रदेश सरकार अन्तर्गतको सम्बन्धित जिल्ला कार्यक्षेत्र तोकिएको कृषि सम्बन्धी विषय हेर्ने जिल्लास्तर कार्यालय - सदस्य

(ग) प्रमुख, सम्बन्धित जिल्लाको आन्तरिक राजस्व कार्यालय (वा करदाता सेवा कार्यालय) - सदस्य



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

मा. गिता चौधरी
कृषि, वन तथा पर्यावरण मन्त्री

(घ) प्रमुख, सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालय - सदस्य सचिव

(२) भुक्तानी समितिको सचिवालय सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहनेछ।

(३) उपदफा (१) बमोजिमको भुक्तानी समितिको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) नेपाल सरकारबाट निर्धारण भएको प्रोत्साहन अनुदान रकम र उखु क्रसिङ परिमाणका आधारमा उखु उत्पादकलाई भुक्तानी गर्नुपर्ने प्रोत्साहन अनुदान विभागसँग माग गर्ने।

(ख) चिनी मिल र स्थानीय तहबाट प्राप्त सिफारिस, विवरण तथा कागजातका आधारमा उखु उत्पादकको विवरण रुजू एवं एकिन गरी प्रोत्साहन अनुदान भुक्तानीको निर्णय गर्ने।

(ग) चिनी मिलले उखु उत्पादकलाई भुक्तानी गर्नुपर्ने रकम समयमै बैंक खातामार्फत भुक्तानी गरे/नगरेको नियमित अनुगमन गर्ने।

(घ) चिनी मिलले खरिद गरेको उखु र उत्पादन गरेको चिनीको विवरण सम्बन्धित ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय वा आन्तरिक राजस्व कार्यालयबाट माग गरी भिडान गर्ने।

(ङ) प्रोत्साहन अनुदान वितरणको अद्यावधिक विवरण र भुक्तानी प्रगति विभागमा पेश गर्ने।

(च) आवश्यकता अनुसार उपसमिति गठन गरी जिम्मेवारी तोक्ने।

(छ) यस कार्यविधि बमोजिम प्रोत्साहन अनुदान प्रवाह गर्ने सम्बन्धमा आवश्यकता अनुसार स्थलगत अनुगमन तथा निरीक्षण गर्ने।

<u>६. भूमिका तथा दायित्व:</u> (१) यस कार्यविधि बमोजिम प्रोत्साहन अनुदान प्रवाहको प्रभावकारी कार्यान्वयनका लागि सम्बद्ध निकायहरूको भूमिका तथा दायित्व देहाय बमोजिम हुनेछः-

**(क) विभागको भूमिका**

(अ) प्रोत्साहन अनुदान प्रवाहका लागि आवश्यक कार्यक्रम तथा बजेट स्वीकृति एवं निकासा व्यवस्थापन गर्ने।

(आ) चिनी मिलको उखु खरिद र क्रसिङ सम्बन्धी कार्ययोजना प्राप्त गरी अद्यावधिक गर्ने।

(इ) उखु उत्पादन, क्रसिङ र प्रोत्साहन अनुदान भुक्तानीको एकीकृत तथ्याङ्क अद्यावधिक गर्ने।

(ई) सञ्चालित कार्यक्रम सम्बन्धमा स्थानीय तह, प्रदेश सरकार, भुक्तानी समिति र चिनी मिलसँग समन्वय गर्ने।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

मा. गिता चौधरी
कृषि, वन तथा पर्यावरण मन्त्री

**(ख) प्रदेश स्थित कृषि विषय हेर्ने जिल्लास्तर कार्यालयको भूमिका**

(अ) भुक्तानी समितिमा रही उखु उत्पादकको लगत, उत्पादन र खरिद परिमाणको यथार्थता प्रमाणीकरणमा प्राविधिक सहजीकरण गर्ने।

(आ) स्थानीय तहसँग समन्वय गरी उखु उत्पादकको लगत एवं उत्पादन परिमाण यकीन गर्न सहजीकरण गर्ने।

**(ग) स्थानीय तहको भूमिका**

(अ) प्रोत्साहन अनुदान प्राप्त गर्न इच्छुक उखु उत्पादकलाई प्रत्येक वर्ष अनुसूची-१ बमोजिमको ढाँचामा सूचीकृत गरी विवरण अद्यावधिक गर्ने।

(आ) चिनी मिलबाट प्राप्त उखु खरिद, क्रसिङ एवं उखु उत्पादकको विवरण अनुसूची-२ सँग रुजू गरी भुक्तानीका लागि भुक्तानी समितिमा सिफारिस गर्ने।

(इ) अनुसूची-४ बमोजिमको समयसीमा पालन गर्ने।

**(घ) चिनी मिलको दायित्व**

(अ) उखु खरिद तथा क्रसिङ कार्ययोजना प्रत्येक आर्थिक वर्षको मंसिर महिनाभित्र विभागमा पेश गर्ने।

(आ) उखु खरिद परिमाण तथा उखु उत्पादकको विवरण अनुसूची-३ बमोजिम तयार गरी स्थानीय तहलाई उपलब्ध गराउने।

(इ) नेपाल सरकारबाट तोकिएको न्यूनतम खरिद मूल्य अनुसार उखु खरिद गरी सो बापतको भुक्तानी रकम सम्बन्धित उखु उत्पादकको बैंक खाता मार्फत भुक्तानी गर्ने।

(ई) उखु क्रसिङ अवधिमा उखु खरिद परिमाण तथा उखु उत्पादकको सङ्ख्या, क्रसिङ परिमाण, उखु उत्पादकलाई भुक्तानी गरेको रकम र चिनी उत्पादन परिमाणको विवरण नियमित रुपमा विभागमा पेश गर्ने।

(उ) अनुसूची-४ बमोजिमको समयसीमा पालन गर्ने।

**७. प्रोत्साहन अनुदानको कार्यान्वयन एवं व्यवस्थापन:** (१) मन्त्रालयले उखु उत्पादकलाई उपलब्ध गराउने प्रोत्साहन अनुदान प्रभावकारी रूपमा प्रवाह गर्न मातहतका निकायलाई आवश्यक जिम्मेवारी तथा अख्तियारी प्रत्यायोजन गर्न सक्नेछ।



४

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

मा. गिता चौधरी
कृषि, वन तथा पर्यावरण मन्त्री

(२) मन्त्रालयले विनियोजित प्रोत्साहन अनुदान बजेट अपुग हुन गएमा अर्थ मन्त्रालयसँग समन्वय गरी थप निकासाको व्यवस्था मिलाउन सक्नेछ।

(३) मन्त्रालयले नेपाल सरकार मन्त्रिपरिषदबाट निर्धारण भएको प्रोत्साहन अनुदान चिनी मिलको उखु क्रसिङ परिमाणका आधारमा सम्बन्धित जिल्लाका भुक्तानी समितिले गरेको माग बमोजिम सम्बन्धित कार्यालयलाई निकासाको व्यवस्था मिलाउनेछ।

८. **उखुको विवरण र सिफारिस पेश गर्नुपर्ने:** (१) चिनी मिलले क्रसिङ्ग शुरु भए पछि उखु उत्पादकबाट खरिद गरेको उखु र उखु उत्पादकको विवरण अनुसूची-३ बमोजिमको ढाँचामा तयार एवं प्रमाणित गरी प्रत्येक १५/१५ दिनमा सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त विवरण र सम्बन्धित स्थानीय तहले दफा ४ को उपदफा (२) बमोजिम प्रमाणीत लगतलाई रुजू गरी भुक्तानीका लागि भुक्तानी समितिमा सिफारिस गर्नु पर्नेछ।

(३) दफा ४ बमोजिम स्थानीय तहमा सूचीकृत हुन छुटेका वा अनूसूची-१ र अनूसूची-३ बीच विवरण फरक परेका उखु उत्पादकको हकमा स्थानीय तहले जाँचबुझ गरी पुन: विवरण भराई सही विवरण खुलाई सिफारिस पत्र र छुट्टै प्रमाणीत लगत सहित भुक्तानी समितिमा भुक्तानीका लागि सिफारिस गर्नु पर्नेछ।

(४) स्थानीय तहले भुक्तानी समितिमा सिफारिस भएका उखु उत्पादकहरुको विवरण सूचना पाटी र वेबसाईटमा सार्वजनिक गर्नु पर्नेछ।

९. **प्रोत्साहन अनुदान भुक्तानी गर्नुपर्ने:** (१) कार्यालयले नेपाल सरकारबाट निर्धारण भएको प्रोत्साहन अनुदान बापतको रकम भुक्तानी समितिको निर्णयानुसार सम्बन्धित उखु उत्पादकको बैंक खातामा भुक्तानी गर्नु पर्नेछ।

(२) कार्यालयले उपदफा (१) बमोजिम भुक्तानी गर्दा पहिले उखु बिक्री गर्ने किसानलाई पहिलो प्राथमिकता (फर्स्ट कम फर्स्ट सर्भ) दिई क्रमैसँग भुक्तानी गर्नु पर्नेछ।

(३) कार्यालयले किसानको बैंक खातामा जम्मा गरेको रकम र बाँकी रहेको रकमको मासिक विवरण भुक्तानी समितिमार्फत विभागमा उपलब्ध गराउनु पर्नेछ।

१०. **चिनी मिलले जानकारी दिनुपर्ने:** (१) उखु उत्पादकबाट उखु खरिद गरी क्रसिङ गर्ने चिनी मिलले प्रत्येक आर्थिक वर्षको मंसिर महिनाभित्र उखु खरिद तथा क्रसिङ कार्ययोजना विभागमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्ययोजनाको ढाँचा विभागले तयार गर्नेछ।

११. **अनुगमन तथा निरीक्षण**: (१) मन्त्रालय, विभाग, प्रदेश स्थित कृषि विषय हेर्ने मन्त्रालय, जिल्लास्थित भुक्तानी समिति र कार्यालयले चिनी मिलको क्रसिङ, तौल प्रणाली, किसानको लगत, भुक्तानी अवस्था, उखु उत्पादकको उखु बाली र खेती भएको क्षेत्रको को स्थलगत अनुगमन तथा निरीक्षण गर्न सक्नेछन्।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

मा. गिता चौधरी
कृषि, वन तथा पर्यावरण मन्त्री

(२) उपदफा (१) बमोजिम गरिएको अनुगमन तथा निरीक्षणका क्रममा दिइएका सुझाव तथा निर्देशनको पालना गर्नु चिनी मिल र उखु उत्पादकको कर्तव्य हुनेछ।

**१२. प्रोत्साहन अनुदान दुरुपयोग गर्न नहुने:** उखु उत्पादक किसानलाई प्रोत्साहन अनुदान उपलब्ध गराउने सम्बन्धमा उखु उत्पादक, चिनी मिल एवं सरकारी पदाधिकारीले अनुदान वितरण गर्ने सम्बन्धमा फर्जी विवरण पेश वा सिफारिस गरी प्रोत्साहन अनुदान दुरुपयोग गरेमा प्रचलित कानुन बमोजिम कारबाही हुनेछ।

**१३. गुनासो व्यवस्थापन:** यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमका सम्बन्धमा कुनै गुनासो भएमा विभागमा गुनासो गर्न सकिनेछ र सो गुनासोका सम्बन्धमा विभागबाट भएको निर्णय अन्तिम हुनेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

मा. गिता चौधरी
कृषि, वन तथा पर्यावरण मन्त्री

अनुसूची-१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

## स्थानीय तहमा उखु उत्पादक सूचीकृत हुनका लागि पेश गरिने निवेदनको ढाँचा

मितिः २०..../ /

विषयः सूचीकृत हुन पाऊँ।

श्री ...................... (स्थानीय तहको नाम)

...................... (ठेगाना)

प्रस्तुत विषयमा, उखु उत्पादकलाई प्रोत्साहन अनुदान दिने सम्बन्धी कार्यविधि, २०८३ बमोजिम चालु आर्थिक वर्ष २०...../..... मा प्रोत्साहन अनुदान प्राप्त गर्ने प्रयोजनका लागि देहायको विवरणसहित सूचीकृत गरिदिनुहुन यो निवेदन पेश गरेको छु।

१. उखु उत्पादकको व्यक्तिगत विवरणः

- किसानको नाम, थरः ..........................................................................
- बाबु / आमा / पति / पत्नीको नामः ............................................................
- नागरिकता नं. / राष्ट्रिय परिचयपत्र नं.: ............ जारी जिल्लाः ........... मितिः ...........
- किसान परिचयपत्र नं.: ..........................................................................
- स्थायी ठेगानाः वडा नं.: ........ गाउँ/टोलः ............ स्थानीय तहः ............................
- सम्पर्क मोबाइल नं.: .............................. वैकल्पिक सम्पर्क नं.: ......................
- प्यान नं.: ...............................



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

मा. गिता चौधरी
कृषि, वन तथा पर्यावरण मन्त्री

२. उखु खेती गरिएको जग्गा तथा उत्पादन सम्बन्धी विवरणः

*(कृपया आफूलाई लागू हुने महलमा विवरण भर्नुहोस्)*

| क्र. सं. | जग्गाको स्वामित्वको प्रकार (आफ्नो / करार / अन्य) | जग्गाधनीको नाम थर | उखु खेती रहेको वडा नं. | जग्गाको कित्ता नं. | क्षेत्रफल (विगाहा-कट्ठा-धुर) | अनुमानित उत्पादन (क्विन्टल) | उखु बिक्री गरिने सम्भावित चिनी मिलको नाम र ठेगाना |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ... | | | | | | | |
| जम्मा | | | | | | | |

नोटः समूह वा सहकारी मार्फत उखु उत्पादन भई चिनी मिललाई बिक्री गर्नेको हकमा पनि प्रत्येक उखु उत्पादकको व्यक्तिगत विवरण लिनु पर्नेछ।



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

मा. गिता चौधरी
कृषि, वन तथा पर्यावरण मन्त्री

## अनुसूची-२

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

### स्थानीय तहले राख्ने उखु उत्पादकको लगत अभिलेखको ढाँचा

उखु खेती गर्ने किसानको विस्तृत लगत दर्ता पुस्तिका

आर्थिक वर्षः २०...../.....

१. आफ्नो जग्गामा खेती गर्ने उखु उत्पादकको लगत

| दर्ता नं. | दर्ता मिति | किसानको नाम थर | ठेगाना (पालिका, वडा र टोल/ स्थान) | नागरिकता/राष्ट्रिय परिचयपत्र नं. | किसान परिचयपत्र नं. | सम्पर्क मोबाइल नं. | उखु खेती गरेको वडा नं. | जग्गाको कित्ता नं. | उखु खेती क्षेत्रफल (विगाहा-कट्ठा-धुर) | उखु बिक्री गरिने चिनी मिलको नाम र ठेगाना |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

२. जग्गा करारमा लिई खेती गर्ने उखु उत्पादकको लगत

| दर्ता नं. | दर्ता मिति | किसानको नाम थर | ठेगाना (पालिका, वडा र टोल/ स्थान) | नागरिकता/राष्ट्रिय परिचयपत्र नं. | किसान परिचयपत्र नं. | सम्पर्क मोबाइल नं. | उखु खेती गरेको वडा नं. | जग्गाको कित्ता नं. | उखु खेती क्षेत्रफल (विगाहा-कट्ठा-धुर) | उखु बिक्री गरिने चिनी मिलको नाम र ठेगाना |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव



मा. गिता चौधरी
कृषि, वन तथा पर्यावरण मन्त्री

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

नोटः स्थानीय तहबाट प्रमाणित गर्ने क्रममा कित्ता नं. नखुलेको जग्गाको हक सम्बन्धित स्थानीय तहले चारकिल्ला प्रमाणित गरेको कागजात संलग्न गर्न सकिने।

३. आफ्नो जग्गा नभएका र जग्गा करारमा नलिई खेती गर्ने उखु उत्पादकहरूको लगत

| दर्ता नं. | दर्ता मिति | किसानको नाम थर | ठेगाना (पालिका, वडा र टोल/ स्थान) | नागरिकता/ राष्ट्रिय परिचयपत्र नं. | किसान परिचयपत्र नं. | सम्पर्क मोबाइल नं. | उखु खेती गरेको वडा | जग्गाको कित्ता नं. | उखु खेती क्षेत्रफल (विगाहा-कट्ठा-धुर) | उखु बिक्री गरिने चिनी मिलको नाम र ठेगाना |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

मा. गिता चौधरी
कृषि, वन तथा पर्यावरण मन्त्री

## अनुसूची-३

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

### उखु खरिद तथा उत्पादक किसान सम्बन्धी चिनी मिलले पेश गर्ने विवरणको ढाँचा

आर्थिक वर्ष: २०...../.....

चिनी मिलको नाम र ठेगाना:

| किसान को स्थानीय तह दर्ता नं. | किसान को मिल दर्ता नं. | किसान को नाम, थर | ठेगाना (पालिका, वडा र टोल/स्थान) | नागरिकता/ राष्ट्रिय परिचयपत्र नं. | किसान परिचयपत्र नं. | किसान को प्यान नं. | सम्पर्क मोवाइल नं. | उखु खरिद परिमाण (क्विन्टल) | उखु खरिद बापत भूक्तानी गरेको रकम (रु.) | भुक्तानी गरिए को बैंक र खाता नं. | भुक्तानी मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |



राजेन्द्र प्रसाद मिश्र
सचिव



मा. गिता चौधरी
कृषि, वन तथा पर्यावरण मन्त्री

अनुसूची-४

(दफा ४, ८, र १० सँग सम्बन्धित)

## कार्यविधि बमोजिमका मुख्य क्रियाकलाप सञ्चालनको समयसीमा तालिका

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार व्यक्ति वा निकाय | समयसीमा | सम्बन्धित दफा |
|---|---|---|---|---|
| १ | उखु उत्पादकले अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तहमा सूचीकृतका लागि निवेदन दिने। | उखु उत्पादक | प्रत्येक वर्षको साउनदेखि आश्विन मसान्तभित्र | दफा ४(१) |
| २ | स्थानीय तहले निवेदन उपर जाँचबुझ गरी उपयुक्त भएमा सूचीकृत गरी अनुसूची-२ बमोजिमको ढाँचामा उखु उत्पादकको अन्तिम लगत तयार गरी प्रमाणित गर्ने। | स्थानीय तह | प्रत्येक वर्षको कार्तिक मसान्तभित्र | दफा ४(२) |
| ४ | उखु खरिद तथा क्रसिङ कार्ययोजना विभागमा पेश गर्ने। | चिनी मिल | प्रत्येक आर्थिक वर्षको मंसिर महिनाभित्र | दफा १०(१) |
| ५ | चिनी मिलले खरिद गरेको उखु र उखु उत्पादकको विवरण अनुसूची-३ बमोजिमको ढाँचामा तयार एवं प्रमाणित गरी स्थानीय तहलाई उपलब्ध गराउने। | चिनी मिल | क्रसिङ् हुन थाले पछि प्रत्येक १५/१५ दिनमा | दफा ८(१) |



डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

मा. गिता चौधरी
कृषि, वन तथा पर्यावरण मन्त्री